# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९) काठमाडौं, असार २९ गते, २०६५ साल (अतिरिक्ताङ्क १५ क

## भाग ३

## नेपाल सरकार

## अर्थ मन्त्रालयको सूचना

**भन्सार (दोस्रो संशोधन) नियमावली, २०६६**

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "भन्सार (दोस्रो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भन्सार नियमावली, २०६४ को नियम ७ मा संशोधनः** भन्सार नियमावली,२०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (७) र (८) मा रहेका "तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम १० मा संशोधनः** मूल नियमावलीको नियम १० को,-

(१) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छ :-

"(५) बण्डेड वेयर हाउसको इजाजतपत्र प्राप्त गरी करमुक्त पसल सञ्चालन गर्न स्वीकृति प्राप्त व्यक्तिले त्यस्तो करमुक्त पसलबाट विक्री गर्नको लागि पैठारी गर्ने मालवस्तुमा लाग्ने महसुल बराबरको रकमको वैङ्क जमानत राखी पैठारी गर्न पाउने छ । यसरी मालवस्तु पैठारी गर्दा विभागबाट त्यस्तो मालवस्तु र परिमाणको स्वीकृति लिनु पर्नेछ ।"

(२) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ :-

३८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(५क) उपनियम (५) बमोजिम पैठारी गर्ने मालवस्तुमध्ये मदिरा र चुरोट नेपाल सरकार, परराष्ट्र मन्त्रालयले नियम ३ को उपनियम (२) बमोजिम गरेको सिफारिसको आधारमा विभागबाट कूटनीतिक तथा महसुल सुविधा दिन तोकिएको व्यक्ति वा निकायलाई मात्र बिक्री गर्न पाउनेछ।"

४. <u>मूल नियमावलीको नियम १७ मा संशोधन</u>: मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ:-

"(३) भन्सार कार्यालयको पक्षमा जारी गरिएको बैङ्क जमानत सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा भएको लिखित जानकारी प्राप्त नभएसम्म बैङ्क जमानत जारी गर्ने बैङ्क तथा वित्तीय संस्थाले त्यस्तो बैङ्क जमानत बमोजिमको रकम सम्बन्धित भन्सार कार्यालयलाई बुझाउने दायित्वबाट उन्मुक्ति पाएको मानिने छैन।"

५. <u>झिकिएको</u>: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "स्थानीय विकास शुल्क" भन्ने शब्दहरु झिकिएका छन्।

## सूचना-२

## मूल्य अभिवृद्धि कर (एघारौं संशोधन) नियमावली, २०६६

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (एघारौं संशोधन) नियमावली, २०६६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधन</u> : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएकोछ:-

"(१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तुको हकमा बीस लाख रुपैयाँसम्म र **वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा दश लाख रुपैयासम्म**को कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार दर्ता गराउनु पर्ने छैन। यसरी कारोबार दर्ता गराउनु नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा **वस्तुको हकमा बीस लाख रुपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा दश लाख** रुपैयासम्मको कारोवार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ।

तर आफै पैठारी गर्ने घरेलु उद्योग बाहेक अन्य कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले एक पटकमा दश हजार रुपैयाँभन्दा बढीको कर योग्य वस्तु व्यापारिक प्रयोजनको लागि पैठारी गर्दा आफ्नो कारोबार दर्ता गराउनु पर्नेछ।"

३. <u>मूल नियमावलीमा नियम ६ख. थप</u> : मूल नियमावलीको नियम ६क. पछि देहायको नियम ६ख. थपिएको छ :-

"<u>६ख. निर्माण सेवा सम्बन्धी विशेष व्यवस्था</u> : कुनै व्यक्तिले व्यावसायिक प्रयोजनका लागि पचास लाख रुपैयाँ भन्दा बढी लागतको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा विभागले तोकेको अन्य यस्तै प्रकारका संरचना निर्माण गर्दा दर्ता भएको व्यक्तिबाट मात्र गराउनु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम ३९क. मा संशोधन</u> : मूल नियमावलीको नियम ३९क. को सट्टा देहायको नियम ३९क. राखिएकोछ :-

"<u>३९क. नोक्सान भएको वस्तुमा तिरेको कर कट्टी गर्ने</u> : (१) कुनै वस्तु आगजनी, चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिविधिका कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले तीस दिनभित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नको लागि आन्तरिक राजस्व कार्यालयमा निवेदन दिनु पर्नेछ।

आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप नियम (१) बमोजिम परेको निवेदन छानबिन गर्दा हानी नोक्सानी भएको देखिएमा कर अधिकृतले त्यस्तो हानी नोक्सानी भएको वस्तुमा तिरेको करकट्टी गर्न दिन सक्नेछ ।

तर बीमा गरिएको वस्तुको हकमा क्षतिपूर्ति प्राप्त गरेको हदसम्म हुने रकम करदाता स्वंयले करकट्टी गर्न सक्नेछ ।"

**सूचना-३**

**अन्तःशुल्क (दशौं संशोधन) नियमावली, २०६६**

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "अन्तःशुल्क (दशौं संशोधन) नियमावली, २०६६" रहेकोछ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम ३४क. मा संशोधन** : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३४क. को सट्टा देहायको नियम ३४क. राखिएकोछ :-

"**३४क. मदिरा बिक्री वितरण सम्बन्धी व्यवस्था** : (१) काठमाडौं उपत्यका, नेपाल भित्रका उप-महानगरपालिका, नगरपालिका, सबै जिल्ला सदरमुकाम, राष्ट्रिय लोकमार्गहरु र विभागले तोकेको सहायक लोकमार्गहरुमा मदिराको कारोवार गर्ने इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले (होटेल, रेष्टुरेन्ट बाहेक) मदिरा र सूर्तिजन्य बस्तुको मात्र कारोवार गर्न पाउनेछ ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी अरु सामानको पनि कारोवारु गर्न पाउनेछ ।

(२) यो नियम प्रारम्भ हुनु अगावै साविकमा महानगरपालिका, उप-महानगरपालिका तथा नगरपालिका क्षेत्र बाहेक मदिराको कारोवार गर्न इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले सम्वत् २०६६ साल कार्तिक मसान्त भित्र उपनियम (१) बमोजिमको व्यवस्था बमोजिम मदिरा र सुर्तिजन्य वस्तुको कारोवार गर्नु पर्नेछ ।

(३) उपनियम (२) वमोजिम कारोवार गर्न नसक्ने व्यक्तिले उक्त अवधि भित्र आफूसँग भएको मदिरा बिक्री वितरण गरी वा आपूर्तिकर्ता वा उत्पादकलाई फिर्ता गरी मौज्दात शून्य गर्नु पर्नेछ । त्यसरी फिर्ता गर्न ल्याएको मदिरा उत्पादक वा आपूर्तिकर्ताले फिर्ता लिनु पर्नेछ ।"

३. **मूल नियमावलीको अनुसूची-२ मा संशोधन** : मूल नियमावलीको अनुसूची-२ को सट्टा यसै साथ संलग्न भए बमोजिमको अनुसूची-२ राखिएकोछः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-२
(नियम ३ र ५ संग सम्बन्धित)

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| १. मदिरा र इथानोल उत्पादन तर्फ :- | |
| (क) स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ख) वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (ग) ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. ८०,०००।- |
| (घ) वाईन/ब्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु.४०,०००।- |
| (ङ) अन्य मदिरा उत्पादनका लागि | रु. ८०,०००।- |
| (च) चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १००,०००।- |
| २. मदिरा बिक्री वितरण तर्फ :- | |
| (क) होटल, रेष्टुरेण्ट तथा लजहरुको लागि | |
| (१) पाँचतारे होटल | रु.३०,०००।- |
| (२) चारतारे होटल | रु..२५,०००।- |
| (३) तीनतारे होटल | रु.१८,०००।- |
| (४) दुईतारे होटल | रु.१२,५००।- |
| (५) एकतारे होटल | रु. ७,०००।- |
| (६) स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ५,०००।- |
| (७) स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ३,०००।- |
| (ख) मदिरा बिक्रेताको लागि : | |
| (१) मदिरा वितरक | रु. २०,०००।- |
| (२) थोक विक्रेता | रु. १२,०००।- |
| (३) स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुदा विक्रेता | रु. ८,०००।- |
| (४) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र विक्री गर्ने खुद्रा विक्रेता | रु ६०००।- |
| (५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा विक्रेता | रु. २०००।- |
| (६) डिपार्टमेण्टल स्टोर | रु. १०,०००।- |
| (ग) मदिरा निकासी तथा पैठारी कर्ताको लागि : | |
| (१) विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु. २०,०००।- |
| (२) मदिरा निकासीकर्ता | रु. ३,५००।- |
| (घ) चुरोट निकासीकर्ता : | |
| नेपाल बाहिर चुरोट निकासीकर्ता | रु. ३,५००।- |
| ३. पैठारी तथा अन्य वस्तु खरीद विक्री र उत्पादन तर्फ : | |
| (क) विदेशी चुरोट, सिगार, सुर्ती तथा सुर्तीजन्य वस्तु पैठारी गर्नेको लागि | रु. १०,०००।- |
| (ख) विदेशी खैनी, जर्दा, नश पानपराग तथा पानमसला पैठारी गर्नेको लागि | रु. २५,०००।- |
| (ग) पानपराग, पान मसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक खरीद बिक्री गर्नेको लागि | रु.५,०००।- |
| (घ) चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरीद विक्री गर्नेको लागि | रु.१,५००।- |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि — रु.८,०००।-

(च) खुदो, गुँड र स्प्रिट खरीद बिक्री गर्नेको लागि — रु.३,५००।-

(छ) ईंटा उत्पादन गर्ने उद्योगको प्रतिभट्टाका लागि — रु. १,५०,०००।-

**(ज) स्टोन क्रसर (गिट्टी रोडा उत्पादन गर्ने उद्योग) — रु.१,००,०००।-**

(झ) पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय् बमोजिमका उद्योगको लागि

(१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) — रु.१५,०००।-

(२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावर भन्दा बढीको) — रु.३०,०००।-

**दृष्टव्य :**

(१) यस अनुसूची वमोजिमको यस्तो दस्तूर **काठमाडौं उपत्यका बाहिरका** इँटा उद्योगको हकमा पच्चीस प्रतिशत र दुर्गम क्षेत्रका फलफुलमा आधारित वाइन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ ।

(२) एक एकाइले एकभन्दा वढी किसिमको मदिरा खरीद विक्री गर्ने भएमा सबभन्दा वढी दरको दस्तुर मात्र बुझाए पुग्नेछ ।

(३) **तीन आर्थिक वर्षको लागि एकै पटक नविकरण गर्ने इजाजत पत्र वालालाई यस्तो दस्तुरमा दश प्रतिशत छुट हुनेछ ।**

(४) ईंट्टा उत्पादक **र स्टोन क्रसर** उद्योगले प्रकरण ३ को खण्ड (छ) बमोजिम बुझाउनु पर्ने रकम मध्ये बीस प्रतिशत इजाजतपत्र लिंदा, चालीस प्रतिशत माघ मसान्तसम्म र बाँकी रकम **जेठ** मसान्तसम्म बुझाउने गरी किस्ता कायम गरिएकोछ ।

(५) मूल्य अभिवृद्धि करमा दर्ता भएका ईंट्टा उत्पादन **र स्टोन क्रसर** उद्योगहरुले इजाजतपत्र दस्तूर तिर्नु पर्ने छैन ।

तर यस्ता ईंट्टा उत्पादक **र स्टोन क्रसर** उद्योगहरुले एक आर्थिक वर्षका लागि बुझाउनु पर्ने इजाजतपत्र दस्तूर भन्दा कम मूल्य अभिवृद्धि कर असुल गरी आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको अवस्थामा त्यस्तो कम भएको रकम इजाजतपत्र दस्तूर वापत आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ र सो अवधिभित्र दाखिला नगरेमा सोमा ऐन बमोजिम बिलम्ब दस्तूर लाग्नेछ ।"

आज्ञाले,

रामेश्वरप्रसाद खनाल

नेपाल सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।
गो.हु.द.नं. १६।०६८।६३

37

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।